# ८ परमेश्वरको राज्यको हकदार

<u>*यस अध्यायको निम्ति पढ्नुहोस:*</u> गलाती ३:२६-४:२०, रोमी ६:१-११, हिब्रू २:१४-१८, हिब्रू ४:१४,१५, रोमी ९:४,५।

<u>*स्मरण गर्नुपर्ने पद:*</u> "अबदेखि तिमीहरू दास होइनौ, तर छोराछोरीहरू हौ। यदि तिमीहरू परमेश्वरको छोराछोरीहरू हौ भनेता त्यो अधिकार परमेश्वरको हकदार भएर पाएका हौ।"(गलाती ४:७ रूपान्तरित)।

दास भएर होइन तर परमेश्वरका छोराछोरी अर्थात् राजकुमार र राजकुमारी भएर जीउनु पर्दछ र त्यहि अनुसारको जीवनशैलीलाई अपनाउनु पर्दछ भनेर गलातीका विश्वासीहरूलाई पावलले आह्वान गर्दछन्। जन्मजातले यहूदी भएर परमेश्वरको छोराछोरी हुने अधिकारको दावी ती यहूदीहरूले मात्र होइन अब गैर-यहूदी गलातीहरूलाई पनि दावी गर्न अधिकार छ। तिनीहरूले त्यस मनस्थितिलाई सरसम्मानकासाथ दावी गर्न सक्दछन्। यहूदी इसाईहरूले गर्दा तिनीहरूको मनस्थिति त्यस निरासभएका नयाँ विश्वासीको कथा जस्तै थियो जो प्रशिद्ध चिनिया इसाई वाचमान नीकहाँ आएको थियो। आफ्नो गुनासो त्यस विश्वासीले यसरी पोखाउँदछ:

"म कडाईकासाथ प्रार्थना गर्दछु। म कडा परिश्रम गरेर राम्रो हुन खोज्छु। तै पनि कताकता परमेश्वरप्रति निष्ठावान हुन चुकिरहेको छु जस्तो लाग्दछ। मुक्तिलाई गुमाइरहेको आभास मैले पाएकोछु।" उसलाई सान्त्वना दिँदै नीले भन्छन्, "यो कुकुर तिमीले देख्दछौ? त्यो मेरो कुक्कर हो। यसले मलाई असाध्य खुशी पार्दछ। तर भान्सामा मेरो सानो छोरो छ। त्यो वच्चै छ। उसले कोठामा फोहर गर्दछ। उसले खानेकुराहरू जताततै छर्दछ। आफ्नो लुगालाई फोहर बनाउँछ। यो वच्चा अत्यन्त लठाग्रो छ अर्थात् जताततै भताभुङ्ग पार्दछ। तर मेरो सम्पत्ति कसले पाउँछ त? मेरो कुक्करले होइन ! मेरो छोरो नै मेरो घरको हकदार हो। तिमी येशू ख्रीष्टको हकदार हौ। परमेश्वरको राज्यको हकदार तिमी हौ भनेर तिम्रो निम्ति उहाँ मर्नुभयो।"- लु

निकोलस, हिब्रूः पाटर्नस फर लिभिङ्ग (लङ्गवुड, फ्लोरिडाः जुलन प्रेस, २००४), पृ. ३१बाट रूपान्तरित।

हो, हामी पनि परमेश्वरका उत्तराधिकारीहरू हौं। उहाँका अंशियार हौं। तर त्यो अधिकार पाउन योग्य भएर होइन तर उहाँको निगाहा वा अनुग्रहबाट पाएका हौं। यदि येशू ख्रीष्टलाई विश्वास गर्न सक्यौं भने हामीले धेरै अर्थमूलक जीवनको उपभोग गर्न सक्दछौं। आदमले पाप गरेको भन्दा अघिको जीवनको अनुभूति हामी प्राप्त गर्न सक्दछौं। छिट्टै निराश भएर येशूभक्तको बाटो छोड्न चाहने गलातीका विश्वासीहरूलाई उक्त महत्त्वपूर्ण आत्मज्ञान सिकाउन पावलले भरमग्दुर कोशिष गरिरहेको पाइन्छ।

## १. प्रभु येशू ख्रीष्टलाई ग्रहण गरेपछि हाम्रो अवस्था (गलाती ३:२६-२९)

गलाती ३:२५लाई मनमा राखेर गलाती ३:२६ पढ्नुहोस् जसमा लेखिएको छः "किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ।" जब हामी येशूद्वारा उद्धार पाएपछि हाम्रो सम्वन्ध व्यवस्थासँग कस्तो हुनुपर्छ भनेर यस गलाती ३:२६ले हामीलाई बुझाउन खोज्दछ?

"परमेश्वरका" भनेर पावलले पद २५सँग हाम्रो अवस्थालाई सिधै जोडिएको पाइन्छ। बाइबलको समयमा उमेर नपुगुन्जेल शिक्षकको हातमा मालिकको छोरा राखीदिन्थ्यो। जब विश्वासद्वारा हामी येशूमा हुन्छौं तब बाल्यअवस्था नाघी सकेका हुन्छौं भनेर पावलले भनिरहेका छन्। तिनीहरू अब हुर्केका छोराछोरी भइसकेका हुनाले व्यवस्थासँगको सम्वन्धमा तिनीहरू भिन्नै हुन्छन्।

याद गर्नुहोस् अङ्ग्रेजी अनुवादमा सन्तानलाई "छोरा" भनेर सम्वोधन गरिएको छ। परमेश्वरको राज्यको हकदारी हुन केवल पुरुषमात्र होइन भनेर गलाती ३:२८मा पावलले स्पष्ट धारणा राखेका छन्। सन्तानको सट्टा छोरा भनेर पावलले सम्वोधन गर्दा पारिवारिक हकदार भन्ने कुरालाई मनमा राखेर पावलले सोचेको पाइन्छ किनकि चलनचल्तीमा परिवारको सम्पत्ति पुरुषलाई हस्तान्तरण गरिएको हुन्छ। "परमेश्वरका छोराहरू" वा "सन्तानहरू" भन्ने शव्द पुरानो करारमा इस्रायलीहरूलाई बिशेष गरी सम्वोधन गरिएको पाइन्छ (व्यवस्था १४:१, होसे ११:१)। इस्रायलीहरूलाई आरक्षित त्यो विशेष सम्वन्ध

अब गैर-यहूदी वा अन्य जातिहरूले पनि उपभोग गर्न पाउँछ भनेर पावलले जोड दिएको पाइन्छ।

बप्तिस्मा एक महत्त्वपूर्ण प्रक्रिया किन हो भनेर देहायका पदहरूले बताउँदछन्: गलाती ३:२७, रोमी ६:१-११ र १ पत्रुस ३:२१?

"ख्रीष्टमा" भनेर सुनियोजित ढँगले पद २७मा पावलले सम्वोधन गरेको पाइन्छ। उनले के भन्न खोजेको सो सोचेर नै भन्दैछ। येशूको जीवनसँग एक हुन बप्तिस्मा एक महत्त्वपूर्ण कदम हो भनेर पावलको विश्वास छ। बप्तिस्मा भनेको येशूसँग उहाँको जीवन र पुनरुत्थानमा एक हुने प्रतिक हो भनेर पावलले वाख्या गर्दछन्। गलातीमा बप्तिस्मालाई अर्कै संज्ञा दिएर प्रयोग गरिएको छः वप्तिस्माको अर्थ येशूको पोशाक लगाउनु हो। पावलले प्रयोग गरेका ती शव्दहरूले हामीलाई पुरानो करारमा उल्लेखित अचम्मका पदहरूले याद दिलाउँछन्। परमेश्वरको धार्मिकता वा भलाई र मुक्तिको पोशाकले सुसज्जित भएको भनेर ती पदहरूले जनाएकाछन्। हेर्नुहोस्: यशैया ६१:१० र अयूब २९:१४। वप्तिस्मा लिने बेलामा विश्वासीहरूलाई ख्रीष्टले आफ्नै पोशाक ओढिदिनुहुन्छ। यो समय अत्यन्त उल्लासमय समय हो भनेर पावलको विश्वास छ। "धार्मिकता" भनेर नै पावलले उक्त शव्दलाई प्रयोग गरेको छैन। तर पोशाक जस्तै धार्मिकता विश्वासीहरूलाई दिइन्छ भनेर उनी भन्दछन्।"-फ्रान्क जे. माटिरा, गलेशियन (कलेजभिल, मिनियोसोटाः द लिटरजिकल प्रेस, १९९२) पृ. १४५बाट रूपान्तरित।

बप्तिस्मा भनेको येशूसँग जोडिको प्रतिक हो। यसको अर्थ जुन येशू सत्यवादी हुनुहुन्छ, हामी पनि सत्यबादी नै हुन्छौं। जुन सत्य येशूमा छ, त्यहि सत्य हामीमा पनि हुन जान्छ। येशू अब्राहमको "सन्तान" हुनुहुन्छ। त्यसैकारणले सबै विश्वासीहरू "परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे हकदारी" हुन्" (रोमी ८:१७)। यसको अर्थ जुन प्रति ज्ञा वा कबुल अब्राहम र उनको भावी सन्तानहरूलाई परमेश्वरले गर्नुभएको थियो, प्रत्येक विश्वासीहरूले त्यस प्रतिज्ञाको दावी गर्न अधिकार पाउँदछन्।

जुन कुरा येशूमा सत्य हुन्छ त्यहि सत्य हामीमा पनि हुन्छ भन्ने कुरालाई गहिरो गरेर सोच्नुहोस्। यस अचम्मको सत्यज्ञानले येशूभक्तको

जीवनको प्रत्येक भागमा कसरी प्रभाव पार्छ भन्नेकुरालाई आत्मसात् गर्नुहोस्।

## २. आधारभूत प्राथमिक निति अर्थात् शिद्धान्तहरूका दासत्वमा रहनु (गलाती ४:१-३)

परमेश्वरसँग हाम्रो सम्वन्ध छोराछोरी र हकदारीहरूको जस्तै छ भनेर पावलले भनेको कुरा यस भन्दा अघिल्लो बुँदामा हेरेका थियौं। अब हकदारीको बिषयलाई अझ वाख्या गर्दै गलाती ४:१-३मा पावल यसरी अघि बढेको पाउँछौं।

एउटा अत्यन्त धनी जमिन्दारको बिषयमा पावलले वयान गर्दछ। त्यस जमिन्दारको धेरै सम्पत्ति थियो। ऊ मर्नु भन्दा अघि आफ्नो सबै सम्पत्ति जेठो छोरोको नाउँमा सारिदियो। तर उसको छोरो नाबालकनै थियो। आजभोलीकै चलन चल्ती अनुसार छोराको उमेर नपुगुनञ्जेल उसलाई कुनै नजिकको आफन्त वा संरक्षकको जिम्मामा छोडिइन्छ। आफ्नो बाबु मरेपछि उसको सबै धन सम्पत्ति बाबुको इच्छापत्र अनुसार छोराको हुन आउँछ। तर ऊ नाबालक भएकै कारण अरूको अधिनमा दास जस्तै भएर उस्ले बस्नु परेको हुन्छ।

गलाती ३:२४मा उल्लेखित गुरुको हातमा वा अभिवावक वा संरक्षकमा कुनै वालकलाई सुम्पनु उदाहरणको सिलसिला पनि त्यस्तै हो। ती दुवै मामिलामा गुरु र संरक्षकको प्रभुत्त्व र भूमिका ठूलो हुन्छ। मालिकको छोराको शारीरिक र वौद्धिक बिकासमा ती संरक्षकहरूको उत्तरदायित्व प्रमूख हुन्छ। घर जग्गा, आर्थिक आदिको सबै कारोबारको जिम्मा संरक्षकले लिएका हुन्छन्। जब त्यो बालक ठूलो वा उमेर पुग्छ अनि त्यस सम्पत्तिको जिम्मेवार आफैले सम्हाल्दछ।

येशूभक्तको जीवनमा दश आज्ञा वा व्यवस्थाको लक्ष्य के रहेछ भनेर पावलले स्पष्ट रूपमा कसरी व्यक्त गर्दछन्? पावलको शव्दमा: “मैले के भन्न खोजेको भनें, सम्पत्तिको हकदारवाला जबसम्म बालककै हुन्छ, ऊ सबै सम्पत्तिको मालिकै भएतापनि कमाराभन्दा फरक पर्दैन। तर बाबुले ठहराएको समयसम्म ऊ अभिभावक वा संरक्षकको अधिनमा बस्नु पर्दछ। हामी पनि यसरी नै बालक छउञ्जेल संसारको

दैवीशक्तिहरूको अर्थात् मानिसको स्वभाविक नितिको दासत्वमुनी थियौं।"(रूपान्तरित)।

पावलले पद ८ र ९मा देवहरू र तुच्छ सिद्धान्त भनेर सम्वोधन गर्दछन्। अर्को अर्थमा प्रार्थमिक सिद्धान्त वा नितीहरू भनेर पनि बुझिन्छ। तर यो विषय अझ बिवादस्पद नै नभएको त होइन। ग्रीक भाषामा त्यस शव्दलाई *stoicheia* (स्टोइकिया) अर्थात् तत्वहरू भनेर लेखिएको छ। कसैले भन्छन् यसको अर्थ पृथ्वी तथा जगत सृष्टिको लागि चाहिने आधारभूत तत्व वा पञ्चतत्वहरू हुन् भनेर अर्थ लगाइएका छन् (२ पत्रुस ३:१०,११)। कसैले भन्दछ पावललको अर्थ अरू दैविक वा सैतानका शक्तिहरू हुन् जसले यस दुष्ट युगलाई आफ्ना अधिनमा राखेको छ (कलस्सी २:१५)। कसैले भन्छ उनले त धार्मिक जीवनमा अपनाउने नितिहरू हुन् भनेका छन् (हिब्रू ५:१२)। तर जे भएतापनि येशूको आगमन अघि मानवजाति बालकै थिए भनेर पावलले स्पष्ट पारेर औंल्याएको यहाँ पाइन्छ (गलाती ४:१-३)। धार्मिक जीवनमा अपनाउने आधारभूत वा मौलिक सिद्धान्तहरूको बारेमा पावलले चर्चा गरिरहेका हुन् भनेर कसैले दावी गर्दछ। पावलले व्यक्त गरेको कुरामा हामी यो निष्कर्षमा पुग्न सक्दछौं, पुरानो करारमा भएका व्यवस्था र बलिप्रथाहरू केवल सुसमाचारको छायाँ वा सुचक मात्र थिए। ती प्रथाहरूमा मुक्तिलाई देखाउने आधारभूत तत्वहरूको सुची थियो। परमेश्वरको पवित्र मन्दिर र मन्दिरको परिसरमा हुने सबै प्रथाहरू इस्रायलीहरूलाई सिकाउने केवल शिक्षण माध्यम मात्र थिए। पछि के हुन आउने हो त्यसलाई औंल्याउने ती प्रक्रिया थिए। ती सबै प्रथाहरूले येशूलाई औंल्याउने भएकोले ती प्रथाहरू येशूको बिकल्प थिएनन्। मानिसहरूले त्यसमा गरिने सम्पूर्ण रितिथितिहरूले येशूको स्थान लिनको लागि कहिलै दिइएको थिएन।

विश्वासीहरूमा जबरजस्ती ती रितिरिवाजहरूलाई लादनुको अर्थ येशूलाई पन्छाएर पहिलेकै जीवन व्यतित गर्न उक्साउनु हो। येशू आइसक्नुभएपछि पनि ती रितिरिवाजमा फस्नुको अर्थ, पावलको शव्दमा हकदारी छोरा उमेर पुगिसकेपछि पनि फेरि बालकै हुन चाहना गर्नु हो। (पावलको त्यो उदाहरण समयसापेक्षित मात्र नभएर येशूको ज्ञानमा भित्र पस्न चुनौती दिनेछ

हो, बालकको जस्तो विश्वास हुनु सकारात्मक कुरो हो (मत्ती १८:३)। तर आत्मिक वृद्धिको परिप्रेक्ष्यमा के सधैं बालकै भएर बस्नु हो त? वा जति तपाइँ आत्मा वा आत्मज्ञानमा बढनु हुन्छ त्यत्ति तपाइँको विश्वास वा परमेश्वरमा भरोसा बालकको जस्तो हुन्छ भन्नेमा यकिन हुनुभएको छ कि? तपाइँको विश्वास बालकको जस्तो कस्तो अनजान र परमेश्वरमा भरोसा राख्ने खालको छ?

## ३. "परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभयो" (गलाती ४:४)

"जब समय पूराभयो वा समयको पूर्णतामा" भनेर पावलले शव्द कोर्दा मानिसको इतिहासमा परमेश्वरको लक्ष्य पूरा गर्न उहाँ कस्तो क्रियाशील भएर काम गरिरहनुभएको रहेछ भनेर देखाउँदछ। येशू मानव चोला लिएर केवल कुनै बखत आउनुभएन। परमेश्वरले तयार गर्नुभएको ठिक समयमा उहाँ आउनुभयो। विश्वको इतिहासमा यो समय अत्यन्त महत्त्वपूर्ण समय थियो। त्यो काल रोमी साम्राज्यको काल थियो जसले आफ्नो प्रभुत्व बिश्वभरी फैलाइएको थियो। रोमी इतिहासको मध्यकालिन युगमा येशू जन्मनुभएको थियो। यो युगलाई पाक्स रोमाना (*Pax Romana* ) अर्थात् शान्त रोमी भनेर इतिहासले बताउँदछ। दुई सय वर्षसम्म रोमी साम्राज्यमा शान्तिको लहर थियो। भुमध्य सागरको वरिपरि रहेका विश्व रोमको कव्जामा थियो। यस समय पाश्चात्य देश रोमले आफ्नो साम्राज्यमा शान्तिको अनुभूत दिएको थियो। सबैले बोल्ने एकै भाषा थियो, बाटोघाटो बनाएर मानिसलाई यात्रा गर्न सरल बनाइएको थियो। संस्कृति वा संस्कारलाई एक सामूहिक सुत्रमा राखिँदा सुसमाचारको प्रचार र वृद्धिमा सहयोग मिलेको थियो। बाइबलको अनुसार यो समय ठिक तोकिएको समय थियो जब प्रतिज्ञा गरिएको मसिह वा अभिषेक वा चुनिएको व्यक्तिलाई परमेश्वरले पठाउनुभयो (दानियल ९:२४-२७ पढ्नुहोस्)।

हामी मानव जातलाई उद्धार गर्न वा कसबाट राहत दिन येशूले मानवको अवतार किन धारण गरेर यो संसारमा आउनुभयो? यो होइन कि त्याग, तपस्या, अथक प्रयास वा आत्मज्ञानमा सिद्ध भएर मानिस भगवान वा मसिह अर्थात् उद्धारकर्ता भएको होइन, तर येशू परमेश्वरनै मानिस भएर आउनु भयो र स्वइच्छाले महाकष्ट भोग्नुभयो। यो किन त? हेर्नुहोस्: यूहन्ना १:१४, गलाती ४:४,५, रोमी ८:३, ४, २

कोरन्थी ५:२१, फिलिप्पी २:५-८, हिब्रू २:१४-१८, र हिब्रू ४:१४,१५।

बाइबलमा उल्लेखित सुसमाचारको कथाहरूमा सवभन्दा छोटो कथा गलातीको ४:४, ५मा सारांशको रूपमा दिइएको छ। यसमा भनिएको छः “जब समय पूरो भयो, परमेश्वरले यस संसारमा आफ्नो पुत्रलाई पठाउनुभयो। उहाँ स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधिनमा जन्मनुभयो। व्यवस्थाको अधिनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, किनभन्दा यसैकारणले कि हामी पुत्र भएर स्वर्गको हकदारी हुन सकौं।"(रूपान्तरित)। यसको अर्थ, विश्वको धार्मिक इतिहासमा येशूको आगमन अपर्झट, अप्रत्याशित वा दैवसंयोगले भएको होइन। हाम्रो मुक्तिको निम्ति परमेश्वरले सुनियोजित योजना बनाएर नै पहिलो कदम उहाँले चाल्नुभयो।

येशू नै सनातनका परमेश्वर हुनुहुन्छ भनेर लोकप्रिय तथा सर्वमान्य इसाईहरूको मौलिक सिद्धान्तमा कोरिएको छ (यूहन्ना १:१-३,१८, फिलिप्पी २:५-९, कलस्सी १:१५-१७)। परमेश्वरले कुनै मानिसलाई स्वामी वा सिद्ध बनाएर हाम्रो माझमा उहाँको दूत भएर पठाउनुभएन न त कुनै स्वर्गदूत वा अलौकिक जीवहरूमा एकलाई पठाउनुभयो, तर उहाँ आफै आउनुभयो।

येशू ख्रीष्ट परमेश्वरको अनन्त पुत्र हुनुहुन्थ्यो र हुनुहुन्छ। उहाँ नित्य परमेश्वर अनित्यको रूप धारण गर्नुभयो। उहाँ स्वइच्छाले महिलाको कोषमा जन्मनुभयो। ती महिला कन्याकुमारी थिइन् भनेर पावलले व्यक्त गरेका भावनामा पनि देखिन्छ। तर येशू मानिसको चोला लिनुभयो भन्ने मुख्य बिषयबस्तुलाई हामीले आत्मसात् गर्नु जरुरी छ।

“व्यवस्थामा जन्मनुभयो" भनाइको अर्थ उहाँ यहूदी कुलमा जन्मनुभयो जहाँ विभिन्न व्यवस्थाहरू पालन गरिन्थे। तर पापीको दोषलाई आफूमाथि थुपार्न उहाँ मानिस हुनु भयो भन्ने सर्वोउकृष्ट आत्मज्ञान हाम्रो सामु चुनौतिको रूपमा तेर्स्याइएको छ।

हामी आफैले आफैलाई उद्धार गर्न वा मुक्ति दिन नसक्ने भएकोले ख्रीष्ट मानिसको रूप धारण गरेर आउनु जरुरी थियो। उहाँको परमेश्वरिय स्वभाव हाम्रो पतित मानव स्वभावसँग मिलेर हाम्रो बिकल्प,

मुक्तिदाता र मूल पुजारी हुनुभयो। उहाँ दोश्रो आदम भएर आउनु हुँदा पहिलो आदमले अनाज्ञाको कारणले गुमाएका सबै थोकहरूको हाम्रो निम्ति हकदावी गर्नु भएको थियो (रोमी ५:१२-२१)। उहाँको आज्ञाकारिताले गर्दा व्यवस्थाको सबै आवश्यकताहरू उहाँले पूर्ण रूपमा पूरा गर्नुभएको थियो। आदमको भयङ्कर असफलताको मोल उहाँले तिरिदिनुभयो। जब उहाँ क्रुसमा मर्नुभयो त्यसबेला व्यवस्थाले माग गरेको न्याय उहाँले बेहोर्नुभयो, किनभने पापको ज्याला मृत्यु हो र पापीले मृत्युद्वारा त्यो मोल तिर्नुपर्छ भनेर व्यवस्थाले माग गर्दछ। येशूको यो शिद्धकार्यले जो पनि सत्य विश्वासद्वारा उहाँकहाँ आउँछ र उहाँमा समर्पित जीवन बिताउँछ त्यस व्यक्तिलाई मुक्ति दिने अधिकार उहाँले पाउनुभएको थियो।

## ४. हकवाला हुनेको अधिकार र सम्मान (गलाती ४:५-७)

आफूले बुझाउन खोजेको विषयवस्तु गलाती ४:५-७मा पावलले निरन्तरता दिन्छन्। जो मानिस व्यवस्थाको अधिनमा छ, ख्रीष्टले उसलाई त्यसबाट फुत्काइदिनुभयो वा छुटाइदिनुभयो भनेर पावलले औँल्याउँछन् (गलाती ४:४,५)। यसको अर्थ मोल तिरेर फेरि किनिएको हो। यसको अर्थ कुनै वन्धकमा रहेको मानिस वा दासलाई मोल तिरेर उसलाई छुटकारा दिएको हो। यस बिषयवस्तुलाई हेर्दा मानव जातिको पापको मोल तिर्नु भन्दा नकारात्मक पृष्टभूमिलाई देखाउँछः मानव जाती जतिसुकै स्वतन्त्र छु भनेर दावी गरेतापनि येशूको मोल बिना ऊ स्वतन्त्र हुँदैन। उसलाई छुटाउन येशूको आवश्यकता छ।

फेरि स्वतन्त्र हुनुपर्दछ भन्दा के केबाट हामी स्वतन्त्र हुनुपर्दछ त? नयाँ करारले चारवटा तत्वलाई प्रस्तुत गरेको छः (१) सैतान र उसको दाउपेचबाट स्वतन्त्र हुनुपर्दछ (हिब्रू २:१४,१५) (२) मृत्युबाट हामी स्वतन्त्र हुनुपर्दछ (१ कोरन्थी १५:५६,५७) (३) पापको शक्तिबाट हामी स्वतन्त्र हुनुपर्दछ किनभने त्यसले हाम्रो स्वभावलाई आफ्नो काबुमा राख्दछ (रोमी ३:१९-२४) र (४) व्यवस्थाले ठहराउने दोषबाट हामी स्वतन्त्र हुनुपर्दछ (रोमी ३:१९-२४, गलाती ३:१३, गलाती ४:५)।

येशूमा हामी उद्धार पाउँछौं। त्यसबाट के सकारात्मक लक्ष्य हामीले हासिल गर्दछौं त? हेर्नुहोस्ः गलाती ४ः५-७, एफिसी १ः५, रोमी ८ः१५, १६, २३ र रोमी ९ः४,५।

येशूले हाम्रो निम्ति गर्नु भएको कार्यलाई मुक्ति भनेर हामी चर्चा गर्दछौं। यो सत्य हो कि येशूले हामीलाई मुक्ति दिनुभयो, तर पावलले एक कदम अगाडि गएर हकदार वा धर्मपुत्र (हुइओथेसिया *huiothesia)* भन्ने शव्दलाई प्रयोग गर्दछन्। नयाँ करारका लेखकहरूमा पावल मात्र त्यस्ता लेखक हुन् जसले यो शव्दलाई प्रयोग गर्दछन्। ग्रीक र रोमी विश्वमा धर्मपुत्र पाल्नु वैधानिक थियो। कानूनी प्रक्रियाबाट कोहि व्यक्ति धर्मपुत्र हुनजान्थ्यो। जब कानूनी रूपमा आफ्ना उत्तराधिकारी हुँदैनथ्यो पावलकै जीवनमा धेरै रोमी बादशाहरूले धर्मपुत्र पालेर त्यसलाई आफ्नो शेषपछि सम्राट बनाउँथ्ये। धर्मपुत्र भएर हकदार हुँदा धेरै अधिकारहरू प्राप्त हुँथेः "(१) जो व्यक्ति धर्मपुत्र हुन्छ त्यो धर्मपुत्र पालेको व्यक्तिको सत्य छोरो हुन्थ्यो। (२) धर्मपुत्र पाल्ने व्यक्तिले धर्मपुत्रलाई खानेकुरा र लुगाफाटा दिएर बालकलाई हुर्काउन सहमती हुनुपर्दथ्यो। (३) धर्मपुत्र पालिएपछि त्यसलाई पाल्ने व्यक्तिले उसको अधिकारलाई खोस्न सकिन्दैथ्यो (४) धर्मपुत्रलाई दासत्वको जीवनमा झार्न पाइन्दैनथ्यो। (५) धर्मपुत्रको आमाबाबुले उसलाई फर्काएर आफ्नै छोरो फेरि बनाउन पाइन्दैनथ्यो। (६) धर्मपुत्र हुने व्यक्तिले पाल्ने व्यक्तिको सम्पत्तिमा हक लाग्दथ्यो।"-डेरेक आर. मुर-क्रिसपिन, "गलेशियनस् ४ः१-९ः द युज एण्ड आव्युजेज अभ पारालल्स्," द इभान्जलिकल क्वाटर्ली, ठेली ६१, नम्बर ३ (१९८९), पृ. २१६बाट रूपान्तरित।

यदि माथि दिएका धर्मपुत्रको अधिकार यस संसारमा सुनिच्चित गरिएको छ भने परमेश्वरको छोराछोरी भएर हकदारी हुँदा कत्तिको बढि सम्मान र अधिकार हामीले पाउँछौं होला, यथार्थमा त्यसको कल्पना नै हामी गर्द सक्दैनौं।

गलाती ४ः६ पढ्नुहोस्। हिब्रू भाषामा अब्बा वा बुबा भन्ने शव्द छोराछोरीले प्रेमिलो बुबालाई सम्वोधन गर्दा प्रयोग गरिन्छ। त्यहि स्वभावमा आज हामी डाडी वा बा भनेर प्रयोग गर्दछौं। येशूले आफ्नो प्रार्थनामा परमेश्वरलाई बुबा भनेर सम्वोधन गर्नुभएको थियो (मर्कूस १४ः३६)। परमेश्वरका छोराछोरी भएको नाताले हामी पनि उहाँलाई

बुबा भनेर सम्वोधन गर्ने गौरब हामीलाई प्राप्त छ। के तपाईंले आफ्नो जीवनमा परमेश्वरसँग त्यस्तो घनिष्ट सम्वन्धको उपभोग गर्नुभएको छ? यदि छैन भने के समस्याले तपाईंलाई अल्झाइ राखेको छ त? परमेश्वरसँग घनिष्ट वा मायालु सम्वन्धमा आफूलाई समावेश गराउन तपाईंको जीवनमा के परिवर्तन गर्नुपर्दछ?

## ५. दासत्वको जीवनमा फेरि किन फर्किने? (गलाती ४:८-१०)

गलाती ४:८-१०मा पावलले कुन् मूलभूत विषयवस्तुलाई औंल्याइएको छ? गलातीहरूको बिचमा फैलिएको गलत शिक्षाहरूको विषयमा उनी कसरी गम्भिर भएर सम्वोधन गर्दछन्?

गलातीका धर्मसंस्कार ठ्याक्कै कस्ता थिए भनेर पावलले वयान गर्दैनन्। तर गलत आराधनाको व्यवस्थाले मानिसलाई आत्मिक दासत्वमा ल्याउँछ भन्ने धारणा उनको मनमा स्पष्ट थियो। गलत धार्मिक संस्कार वा रितिरिवाज अत्यन्त खतरापूर्ण र विध्वँसात्मक हुन्छ भनेर मूल्याङ्कन गर्दै गलातीका विश्वासीहरूलाई धेरै कडा शव्दहरू प्रयोग गरेर पावलले पत्र लेख्दछन्। आफ्नो पत्रमा ती गलातीका विश्वासीहरूलाई सतर्क गराउँदै पावलले यो भन्दछन् कि जुन क्रियाकलापमा तिनीहरू संलघ्न भइरहेका छन् त्यसले तिनीहरू परमेश्वरको हकदारी पुत्र हुने सुभअवसरलाई गुमाउँदै फेरि पुरानै दासत्वको जीवनमा फर्किरहेका छन्।

हो, के के समस्याहरूले गलातीका विश्वासीहरूलाई पिरोलीरहेकाछन्, सो पावलले भनेको छैन। तर गलाती ४:९-११मा पावलले गलातीहरूको क्रियाकलापमा के गुनासो पोख्याइरहेकाछन् जसले उनी अत्यन्त नाराज भएका थिए भनेर देखाउँदछ?

"दिन अर्थात्, महिना, **ऋतु र वर्षहरू**" (गलाती ४:१०) भनेर पावलले सम्वोधन गरेकाले उनी यहूदी रितिथिति र सब्बथको खुलेआम रूपमा बिरोध जनाएको थियो भनेर कतिपयले दावी गर्दछन्। पावलले सम्वोधन गरेकै कारणले ती तत्वहरू त्यहाँ थिए भनेर देखाउँदछ तर उनले तिनीहरूको विरोध गरेका थिए भन्ने धारणा गलत हो। यदि सब्बथ र यहूदी संस्कारहरूलाई नै औंल्याएर तिनीहरूको बिरोध गरेको भए कलस्सी २:१६मा ती कुराहरूलाई नामै दिएर सूचीमा राख्दथे। तर जे गलातीहरूले गरिरहेका छन् वा संस्कारलाई अपनाइरहेकाछन्

तिनीहरूले ख्रीष्टमा पाइएको स्वतन्त्रताबाट आफूलाई बंचित गराउन अग्रसर भइरहेकाछन् भनेर पावलले स्पष्ट रूपमा लेख्दछन्। "यदि सातौं दिनको पवित्र सब्बथको पालनालाई मानिसलाई दासत्वमा ल्याउँछ भने परमेश्वर आफैं पनि त्यस दासत्वमा पस्रिएको देखाउँदछ किनभने संसारको प्रथम सब्बथ उहाँले नै पालना गर्नुभएको थियो !" द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. ९६७बाट रूपान्तरित। यदि सातौं दिनको सब्बथलाई पालन गर्दा उहाँमा हुने स्वतन्त्रतालाई हामीलाई बंचित गराउँछ भने उहाँ आफैले पनि त्यो सब्बथ तथा पवित्र बिश्रामबार किन पालन गर्नु भयो र अरूलाई पालन गर्न सिकाउनुभयो? (मर्कूस २:२७,२८, लूका १३:१०-१६)।

के सेभन्थ-डे एडभेन्टिस्ट मतमा केहि यस्ता रितिहरू छन् जसले येशूमा भएको हाम्रो स्वतन्त्रतालाई हनन गरिरहेको छ? वा ती रितिहरूप्रति हाम्रो भावना वा मनस्थिति कस्तो छ? गलत धारणा व मनस्थितिलाई बोकिरहंदा हामी पनि कस्तो दासत्वमा पर्न सक्छौं भनेर पावलले भन्न खोजिरहेको हामी पाउँछौं? किनभने गलातीहरूलाई त्यस बिषयलाई औंल्याउँदै पावलले कडा शव्दमा सचेत गराएको थियो।

## उपसंहारः

थप जानकारीः "परमेश्वरको व्यवस्थालाई उलंघन गरेर पापी मानिसहरू आफ्नै पापमा नपरून् भनेर स्वर्गको सभामा उहाँले योजना बनाउनुभएको थियो। बरू तिनीहरूको सट्टामा येशू मर्नु हुने भएकोले उनीहरूले येशूलाई ग्रहण गरेर परमेश्वरको चुनिएका छोराछोरीहरू होउन् भन्ने उहाँको चाहना थियो। सारा मानिसहरूले उद्धार वा मुक्ति पाउन् भन्ने परमेश्वरको सदिच्छा थियो। त्यसै अनुसार उहाँले योजना बनाउनुभएको थियो। आफ्नो एक मात्र पुत्र हाम्रो पापको बदलामा बलि हुन उहाँले योजना बनाउनुभएको थियो। तर कोहि मानिस येशू ख्रीष्टद्वारा परमेश्वरको छोराछोरी हुने हकलाई अश्विकार गर्छ भने त्यसले अनन्त मृत्युमा ऊ सहभागी हुन्छ। आफ्नो अहँताले गर्दा मुक्तिको बरदानलाई मानिसहरूले स्विकार गर्न चाहन्न। तर मानिस धर्मकर्म गरेर धर्मात्मा बन्न खोजे पनि परमेश्वरको सामु ऊ उपस्थित हुन सक्दैन। येशूको नाउँमा विश्वास गरेर उहाँको अनुग्रहलाई ग्रहण गरेमात्र त्यो व्यक्ति परमेश्वरको सामु स्विकार्य हुन्छ। मानिसको काम र भावनाको आधारमा

परमेश्वरले उसलाई ग्रहण गर्नुभएको हो भनेर प्रमाणित हुँदैन। केवल ती मानिसहरू जसले ख्रीष्टलाई ग्रहण गर्दछन् तीमात्र ख्रीष्टद्वारा उद्धार पाउन चुनिनेछन्।"-एलेन जी ह्वाइट, "चोजन इन क्राइष्ट" *साइनस् अभ टाइमस्,* जनवरी २, १८९३बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. परमेश्वरसँगसँगै हिंडदा उहाँका छोराछोरी हुने अवसर हामी पाउँछौं। तर उहाँको छोराछोरी हुनुको अर्थ के हो र नहुनुको अर्थ के हो? परमेश्वरमाथि भरोसा र विश्वास गर्न बालकको कुन् स्वभावलाई हामीले अङ्गाल्नुपर्दछ? फेरि बच्चा बुद्धिमा नअडकिन के गर्नु पर्दछ?

ख. मानिसमा यस्तो के यस्तो स्वभाव छ जसले गर्दा मुक्ति पाउन केवल परमेश्वरको अनुग्रह र उहाँमाथिको विश्वासमा भर पर्छ भन्दा मानिसलाई असजिलो बनाउँदछ? यदि कामक्रिया वा धर्मकर्मबाट मुक्ति पाउँछ भने धेरै मानिसहरूले किन त्यतातिर वढि ध्यान दिएको हामी पाउँछौं?

ग. यस अध्यायमा उल्लेखित पाँचौं बुँदाको अन्तिम प्रश्नलाई फेरि सोच्नुहोस्। जुन तत्वबाट हामी स्वतन्त्र छौं त्यहि तत्वको दास हुन हामी सेभन्थ-डे एडभेन्टिस्टलाई किन सम्भव हुनसक्दछ? कसरी हामी दासत्वमा फस्न सक्दछौं? र हामी दासत्वमा छौं भनेर कसरी थाहा पाउने? र हामी येशूमा साच्चिकै कसरी स्वतन्त्र हुने?

**सारांश:** परमेश्वरको परिवारमा हामी छोराछोरी हुने हक ख्रीष्टमा रहेर पाउँछौं। परमेश्वरको छोराछोरी भएको नाताले परिवारले पाउने सबै अधिकार र अवसरको उपभोग हामी गर्न सक्दछौं। केवल नितिनियमलाई पालन गरेर मात्रै हामी परमेश्वरको सन्तान हुन्छौं भन्ने तर्क मूर्खतापूर्ण छ। यसो गर्नु भनेको कुनै छोराले दास हुन आफूले पाएको पद र हकलाई त्याग्न चाहेको जस्तै हो।